मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**सिराहा**

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित: मिति २०८०/०३/०४ सोमबार)**

यस विज्ञ केन्द्रको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मासु व्यवसायीहरुको लागि डिजिटल वेईङ्ग मेशिन तथा डिफिदरिङ्ग मेशिन खरिद कार्यक्रममा सहभागिताका लागि सम्बन्धित मासु व्यवसायीहरुलाई तपसिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशन भएका मितिले ७ औं दिन **(मिति २०८०/०३/१० आईतबार)** सम्म कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव/आवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव/आवेदनहरु छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ र अधिकृत आठौं, प्रा. (भेटेरिनरी) श्री गोबिन्द मिश्रलाई मोबाईल नं. ९८५२८३४८०३/९८१९७१३९९७ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

देहाय:

१) रु. १० को हुलाक टिकट टाँसेको प्रस्ताव/आवेदन,
२) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३) मासु व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४) स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,
५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६) मासु व्यवसायसँग सम्बन्धित तालिम प्रमाणपत्रका प्रतिलिपिहरु,
७) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,
८) मासु व्यवसाय संचालनस्थल फर्म/पसलको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा र करारपत्र (कम्तीमा ३ वर्ष अवधिको र नोटरी पव्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ३ वर्ष अवधिको), पाना थान .........
९) दैनिक मासु कारोबारको विवरण उल्लेख भएका कागजातहरु, पाना थान .........
१०) मासु व्यवसाय गर्ने स्थल (फर्म/पसल)को दैनिक कारोबार देखिने फोटो थान ....... र साइनवोर्डको फोटो थान ....

<u>पुनश्च:</u> सूचना तथा निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्र, सिराहाबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ ।